जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २६५ पृष्ठः ४ | २०८२ फाल्गुन ०१ शुक्रबार (Friday 13 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गागन खोलामा बाढी आउँछ, उम्मेदवार पनि आउँछन्, तर पुल आउँदैन



**सुरेश राय**

सिरहा, २९ माघ। सुखिपुर नगरपालिका–८ गागन खोलामा बर्खा बाढी आउँछ। यही खोलाको वारिपारिको बस्तीमा अहिले चुनाव पनि आएको छ। गागन खोला सिरहाको क्षेत्र नम्बर २ मा पर्छ। खोलाको किनारबाट बस्ती केही मिनेटमात्रै टाढा छ। खोला किनारमा उभिएर हेर्दा नजिकै देखिन्छन् बस्ती। खोला किनारबाट पाँच मिनेटकै दूरीमा रहेका यिनै बस्तीमा हरेक वर्षको बर्खामा केही पीडा बल्झिन्छ। स्थानीयवासीले बर्खाको पीडा नबिर्सिन नपाउँदै अहिले गाउँगाउँमा नेताहरू पुग्न थालेका छन्। केही ठाउँमा दल र स्वतन्त्र उम्मेदवारले माइकबाट नाराहरू घन्काइउँदै मत मागिरहेका छन्। चुनाव र उम्मेदवार आइरहेका बेला गागन खोलाका मतदाताहरुले प्रश्न सोधिरहेका छन – हामीलाई सहज यात्रा गर्ने र जोड्ने पुल कहिले आउँछ्न् ?

स्थानीय खटोका टोलबाट सुखिपुर बजार पुग्न सामान्य अवस्थामा पाँच मिनेट लाग्छ। तर, बाढी आएपछि त्यो बाटो बन्द हुन्छ। सवारी साधन खोलाको वारिपारि रोकिन्छन्। मानिसहरू जुत्ता हातमा, बच्चा काँधमा, र खाद्यान्न टाउकोमा बोकेर पानी छिचोल्छन्। स्थानीय बासिस्टकुमार सिंह भन्छन्, ‘जेठदेखि भदौसम्म चार महिना हामीलाई घुमेर जानुपर्छ। उत्तरपटिबाट कसहा–जिरोमाइल हुँदै र दक्षिणपटिबाट औरही हुँदै जाँदा करिब एक घण्टा लाग्छ।’ सुखिपुर नगरपालिका मात्र होइन, औरही, धनगढीमाई नगरपालिकालगायत करिब दशवटा गाउँका नागरिकले वर्षौदेखि सास्ती खेप्दै आइरहेका छ्न। ‘पाँच मिनेटको बाटो एक घण्टा लगाएर तय गर्नुपर्दा हामीले कति समय, कति पैसा र कति जोखिम गुमाउँछौं, कसैले हिसाब गरेको छ ?’ सिंहको प्रश्न छ।

गगान खोला पीडितहरुलाई भाषणा चाहिएको छैन। उनीहरुले आ ना समस्या समाधान चाहेका छन्। यहाँका नागरिकहरु बर्खामा बिरामी हुँदा ठूलो सास्ती खेप्न परेको दुखेसो गर्छन्। आकस्मिक स्वास्थ्य समस्या हुँदा ज्यानै गुमाउनु पर्ने अवस्था रहेको अर्का स्थानीय राजलाल साह बताउँछन्। ‘बाढी आएको बेला एम्बुलेन्स आउँदैन। बिरामीलाई बोकेर घुमाउरो बाटो लाग्नुपर्छ। कहिलेकाहीं समयमै अस्पताल पुग्न सकिँदैन। यहाँ उपचार केवल स्वास्थ्य सेवा होइन, भाग्यको खेल बन्छ’, साहले भने।

**–बाँकी दुई पेजमा**

## खेतजोत्ने क्रममा रोटाभेटरमा परेर दुई बालिकाको मृत्यु



बर्दिवास, २९ माघ। महोत्तरीको मटिहानी नगरपालिका ४ मझौरा गाउँमा ट्याक्टरको रोटाभेटरमा परेर दुई बालिकाको मृत्यु भएको छ। बिहीबार अपरान्ह ज.१ त ९७८२ नम्बरको ट्याक्टरमा बसाएर स्थानीय गरिब आलमको खेत जोतिरहेका बेला अचानक दुवै बालिका खसेर रोटाभेरमा पर्दा मृत्यु भएको हो। रोटाभेटरले काटेर स्थानीय इमरान राइनकी छोरी ७ वर्षीया फरहाना खातुन र समतुल्लाह राइनकी छोरी ८ वर्षीया रफियाखातुनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी शैलेन्द्रकुमार भट्टले जानकारी दिए। बालिकाहरु रोटाभेटरमुनि खस्दा घाँटी काटिएर घटनास्थलमै मृत्यु भएको सूचना अधिकारी भट्टले बताए। घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीको भनाई रहेको छ।

## मिर्चैयामा मोटरसाइकल चोरीका घटना बढे

**विनय आजाद**

सिरहा, २९ माघ। मिर्चैया नगरपालिका–७ का राजाराम यादव गत २० गते बेलुकी मिर्चैयास्थित कटारी चोकमा मोटरसाइकल राखेर बजारमा किनमेल गर्न गए। तर, किनमेल सकेर केही समयमा फर्केपछि त्यहाँ मोटरसाइकल थिएन। स ८ प



३८९९ नम्बरको एक सय पचास सीसीको उनको पल्सर मोटरसाइकल आफैले खोज्दा नभेटिएपछि उनले प्रहरीमा उजुरी दिएका छन्। प्रहरीले यस विषयमा अनुसन्धान र मोटरसाइकल खोज्ने कार्य गरिरहेको छ तर, भेटिएको छैन।

**–बाँकी तीन पेजमा**




## मतदान गर्ने अधिकारको प्रयोग गरौं।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## डिजिटल दुरुपयोग प्रत्युत्पादक हुने खतरा

केही समय पहिले सामाजिक सञ्जालमार्फत् फैलाइएको भ्रमले सामुदायिक सद्भाव नै खलबल्याएको थियो। राजनीतिक दल र उमेदवार लक्षित दूराशयपूर्ण भ्रामक सामग्री त्यसरी नै सामाजिक सञ्जालमा फैलाइएको देखिन्छ। यस प्रकारको गैरजिम्मेवार प्रवृत्तिलाई सबै राजनीतिक दलका नेताले रोक्न नखोज्ने हो भने यसको दुष्परिणाम निकै महँगो पर्न सक्छ। सामाजिक सञ्जालले सूचना प्रवाहलाई तीव्र, सहज र केही हदसम्म लोकतान्त्रिक पनि बनाएको छ। तर यही तीव्रतामा व्यक्तिको सोच खलबल्याउने, भावनालाई उक्साउने र भ्रमलाई सत्य देखाउने शक्ति निहित हुन्छ। त्यसैले विवेकपूर्ण निर्णय बढी अपेक्षित हुने निर्वाचनमा सामाजिक सञ्जालका प्रयोगकर्ता बढी जिम्मेवार हुन आवश्यक हुन्छ।

सूचना प्रविधिमा भएको विकास र सामाजिक सञ्जाल प्रयोगकर्ताको विस्तारले निर्वाचन प्रचारप्रसारको शैली र रूप बदलिनु स्वाभाविकै हो। यसको सदुपयोग गर्न खोजिएको भए सम्भवतः चुनाव खर्च र समय निकै कम हुन्थ्यो पनि होला। तर, सामाजिक सञ्जालमा बढी सक्रियता देखाउन खोज्दा अहिले नै त्यसको दुष्परिणाम प्रकट हुनथालेको देखिन्छ। उमेदवारहरूको व्यक्तिगत आचरणका सम्बन्धमा फैलाइने भ्रमले सबैभन्दा भयावह अनिष्ट गराउन सक्छ। भ्रम फैलाउने व्यक्ति संसारको एउटा कुनामा प्रायः अनुहार लुकाएर बसेको हुन्छ। अभिव्यक्ति स्वतन्त्रताका नाममा डिजिटल माध्यमहरूलेपूर्वनिगरानी वा निषेध गर्दैनन्। यस्तोमा सम्बन्धित व्यक्ति स्वयं नै बढी जिम्मेवार हुनुपर्ने हो। तर, अधिकांश अनुहार लुकाउने हुँडारहरू चरम गैरजिम्मेवार देखिएका छन्।

हुनत अधिकांश दल र चर्चित उमेदवारहरूविरुद्ध सामाजिक सञ्जालमा भ्रामक र आपत्तिजनक सामग्री पोस्ट गरिएको देखिन्छ। त्यसका केही नेता र दलप्रति बढी नै आक्रामक सामग्री प्रचार गरिएका छन्। त्यसरी आपत्तिजनक र आक्रामक सामग्री पोस्ट गर्नेहरूमा कुनै एउटा दल विशेषका समर्थक र कार्यकर्ता बढी हुनु संयोगमात्र पक्कै होइन। नेपाल दूरसञ्चार प्राधिकरणका पछिल्ला विवरणअनुसार देशमा मोबाइल फोनको सिम वितरण जनसंख्याभन्दा बढी रहेको छ भने फेसबुक, टिकटकजस्ता मञ्चमा सक्रिय नेपालीको संख्या पनि एक करोड हाराहारी पुगेको छ। अझ युवाका बीचमा त समाचारको मुख्य स्रोत नै सामाजिक सञ्जाल बन्दै गएको विभिन्न सर्वेक्षणहरूले देखाएका छन्।

यस्तो अवस्थामा कुनै पनि भ्रामक भिडियो, सम्पादित क्लिप वा तथ्यहीन आरोप केही मिनेटमै हजारौँ–लाखौँसम्म पुग्न सक्छ। विसं २०७९ को प्रतिनिधि सभा निर्वाचनताका नै निर्वाचन आयोगले सामाजिक सञ्जालमा फैलिएका भ्रामक सामग्रीबारे दर्जनौ उजुरी दर्ता भएपछि केही सामग्री हटाउन प्लेटफर्मलाई अनुरोध गर्नुपरेको थियो। आयोग अहिले पनि सक्रिय नै देखिन्छ तर यो उसको मात्रै वशको समस्या होइन। समस्या भ्रामक सामग्रीका साथै एल्गोरिदमद्वारा सिर्जित 'इको चेम्बर' झन् चर्को समस्या भएको छ। प्रयोगकर्ताले आफूलाई मनपर्ने विचारमात्रै हेर्ने सुन्ने र फरक मतलाई अविश्वास गर्ने प्रवृत्तिले समाज ुवीकृत भएको छ। कुनै उम्मेदवारबारे फैलाइएको आरोप छिटै भाइरल हुन्छ भने त्यसको खण्डन हराएर जान्छ। अझ नेपालमा त सत्य पनि सापेक्ष हुन बनाइन वा मानिन थालेको देखिन्छ। मन परेको दलका उमेदवारले गरेको गल्तीलाई सत्य भए पनि भ्रम हो भन्ने र मन नपरेको व्यक्तिका हकमा भ्रमलाई नै सत्य ठान्नेको संख्या बहुमतमा भएको भान हुन्छ। कसैले तथ्य जाँच गरेर प्रमाणसहित असत्य सिद्ध गरे पनि समर्थकहरू स्वीकार गर्न तयार हुँदैनन्। हुनुपर्ने त प्रयोगकर्ता नै जिम्मेवार हुने हो। सामाजिक सञ्जालका प्रयोगकर्ता स्वयंले भ्रामक र सनसनीपूर्ण सामग्री सेयर वा तयार गर्नुअघि स्रोत जाँच्ने बानी बसाल्नुपर्छ । यस्तै आधिकारिक निकायहरू निर्वाचन आयोग, प्रेस काउन्सिलजस्ता संस्थाले तथ्य जाँच गर्ने र बेलैमा सही सूचना प्रदान गर्नुपर्छ। घृणा र द्वेषपूर्ण भाषा, जातीय वा धार्मिक उक्साहट तथा चरित्रहत्या गर्ने सामग्रीलाई अस्वीकार गर्न डिजिटल प्लेटफर्महरूलाई पनि आधिकारिकरूपमा पत्राचार गर्ने अर्को उपाय हो।

निर्वाचनमा होमिएका दलका नेताहरूले विवेक नगुमाउने हो भने हारजितसँगै राज्य र समाजप्रतिको दायित्वमा पनि ध्यान दिनुपर्ने हो। कार्यकर्ता र समर्थकहरूले प्रयोग गरेको आपत्तिजनक र तुच्छ भाषामा रमाउने कि तिनलाई रोक्ने विषयमा विवेकपूर्वक विचार गर्नुपर्छ। नेता हुने हो भने नेतृत्वका गुणहरू पनि अपनाउनु उचित हुन्छ। जति नै साखुल्ले हुन खोजे पनि कार्यकर्ता वा समर्थकले नेताहरूको प्रत्यक्ष परोक्ष इसारा पाएरै यति धेरै निचता प्रकट गरेका हुन् भन्ने सहजै बुझिन्छ। यसैले निर्वाचन आयोगले निर्वाचनमा सहभागी दलका नेतालाई सामूहिक र व्यक्तिगतरूपमा तुच्छ र आपत्तिजनक सामग्री सामाजिक सञ्जालमा पोस्ट नगर्न आह्वान गराउनु उचित हुनेछ।

# छिमेकी भारत र चीनको आर्थिक फड्को

**डा. दीपेश केसी**

विश्वको वास्तविक कुल गृहस्थ उत्पादनको वृद्धिमध्ये ४३ दशमलव ६ प्रतिशत योगदान चीन र भारतको मात्र रहेको तथ्याङ्क आएको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले सार्वजनिक गरेको तथ्याङ्कमा चीनको २६ दशमलव ६ र भारतको १७ प्रतिशत योगदान छ। विश्वकै धनी देश अमेरिकाको योगदान ९ प्रतिशत छ। यो तथ्याङ्कलाई लिएर विश्वका सर्वाधिक धनी व्यवसायी एलन मस्कले विश्वको शक्ति सन्तुलन नै मोडिएको टिप्पणी गरेका छन्। उनको संकेत अबको शक्ति भारत र चीनतर्फ सर्दै गएको भन्ने हो। अर्थात्, पश्चिमा देशबाट बिस्तारै पूर्वतर्फ शक्ति स्थानान्तरण भइरहेछ।

भारतले सन् २०२६ मा ७ प्रतिशतभन्दा बढी आर्थिक वृद्धि हासिल गर्ने प्रक्षेपण छ। भारतीय आर्थिक सर्वेक्षणले सन् २०२७ मा ७ प्रतिशतसम्मको आर्थिक वृद्धिको प्रक्षेपण गरिसकेको छ। चीनको आर्थिक वृद्धिदर पनि द्रुत छ। सन् २०२६ मा चीनको आर्थिक वृद्धिदर ४ प्रतिशत माथि हुने विश्व बैङ्कको प्रक्षेपण छ। द्रुत आर्थिक वृद्धिले भारत जर्मनीलाई उछिन्दै विश्वको तेस्रो धनी देश बन्दै छ। अमेरिकालाई चुनौती दिन थालिसकेको चीन विश्वको दोस्रो धनी देश छ।

२१औँ शताब्दीमा तीव्र आर्थिक वृद्धि हासिल गरेर चीन र भारतले जुन प्रगति गरेका छन् त्यसले पश्चिमा देशहरूमा केन्द्रित शक्ति सन्तुलन पूर्वतर्फ सर्दै गएको संकेत गर्दछ। एक्काइसौँ शताब्दी पूर्वको हो भन्ने जुन प्रक्षेपण थियो त्यही अनुसार विश्व ध्रुवीकरण हुँदै अघि बढिरहेको छ। भारतले गत वर्ष बेलायत, ओमान र न्युजिल्याण्ड जस्ता देशहरूसँग व्यापार सम्झौता गर्‍यो। यसै वर्ष यूरोपेली युनियनसँग पनि व्यापार सम्झौता गरेको छ। अमेरिकी 'ट्यारिफ'का बाबजुद भारतले आर्थिक वृद्धि झन् बढी हासिल गर्न सक्यो। यसकारण भारतसँग व्यापार सम्झौता गर्न शक्तिशाली देशहरूले नै सक्रियता बढाइरहेछन्।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यसै हप्ता विश्वमा भूराजनीतिक अस्थिरता बढेको भन्दै नयाँ विश्व व्यवस्था भारततर्फ ढल्किएको टिप्पणी गरेका छन्। विश्वका धनी देशहरूमा बुढ्यौली उमेरको जनसंख्या बहुसंख्यक हुनु र भारतसँग युवा जनसंख्या आधाभन्दा बढी नै हुनुले उसलाई लाभ मिलिरहेको छ। भारतसँग ६५ प्रतिशत जनसंख्या ३५ वर्षमुनीको रहेको तथ्याङ्क छ। विश्वकै सर्वाधिक जनसंख्या भएको देश भारतसँग युवा जनसंख्या बढी हुनुले आर्थिक वृद्धिदरमा भरपुर साथ मिलिरहेको छ।

विश्व राजनीतिमा पछिल्ला वर्षहरूमा धेरै उथलपुथलका घटनाहरू भए। कोरोना भाइरसको महामारीले विश्व अर्थतन्त्रमै हलचल ल्यायो। तर, भारत र चीनको आर्थिक वृद्धि रोकिएन। उनीहरूले संकटको घडीमा आर्थिक सन्तुलन मिलाउन सके। दुवै देशले आर्थिक फड्को मारिरहे। युक्रेन युद्धले विश्व राजनीतिमै तरङ्ग ल्यायो। विश्वभर कच्चा तेलको मूल्य वृद्धि भयो। विगत चार वर्षमा सुनचाँदी जस्ता बहुमूल्य धातुका मूल्य दोब्बरभन्दा बढीले वृद्धि भयो।

भारत र चीनले कच्चा तेल सस्तो मूल्यमा खरिद गरेर लाभ लिए। युद्धका बेलामा रुसले भारत र चीनलाई भारी छूटमा कच्चा तेल बेच्यो। सुन अत्यधिक बचत गरे भारत र चीनले। दुवै देशले आफ्नो व्यापार फैलाउन थाले। यसले विश्व व्यवस्थालाई नयाँ मोड दियो। सन् २०२५ को सांघाई कोअरपरेशन अर्गनाइजेसनको सम्मेलनमा चीनका राष्ट्रपति सी चिनफिङ, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन एक ठाउँमा भेला भएर विश्वलाई नयाँ सन्देश दिएका थिए। एक प्रकारले भन्ने हो भने, त्यो नयाँ विश्व व्यवस्थाको घोषणा नै थियो। विश्वकै बढी जनसंख्या भएका भारत र चीन अनि विश्वकै ठूलो देश रुसका नेताहरूको एकसाथ भएको भेटले विश्व राजनीतिमै तरङ्ग ल्याइदियो। अमेरिका, बेलायत, यूरोपेली युनीयनका सदस्य राष्ट्रहरूका लागि भारत र चीन चुनौतीसँग बाध्यता पनि बन्न थाले।

कुनैबेला पश्चिमाहरूको रणनीति र कदमले विश्व व्यवस्था नै निर्देशित हुन्थ्यो। भारत र चीनको द्रुत आर्थिक विकास, विश्वव्यापी फैलावट र सैन्य सुदृढीकरणले पूर्वतर्फ विश्वको शक्ति सन्तुलन नै स्थानान्तरण भएको यथार्थलाई अझ प्रस्ट पारिदियो। आजको बदलिँदो विश्वमा आर्थिक विकास मात्र शक्तिको मापन हुन सक्दैन। सैन्य शक्ति पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। भारत र चीनले सैन्य बजेटमा व्यापक वृद्धि गरेर शक्ति सञ्चयमा जोडबल गरिरहेका छन्। अत्याधुनिक हतियार र प्रविधि अमेरिका, रुस, फ्रान्स र बेलायतमा बढी छ। दुनियाँका सबैभन्दा बढी आणविक अस्त्र पनि यिनै देशहरूमा बढी छ।

त्यसमाथि रुस र अमेरिका आणविक अस्त्रमा पहिलो र दोस्रो नम्बरमा छन्। यो यथार्थ बुझेका भारत र चीनले तीव्र सैन्य शक्तिमा वृद्धिको रणनीति बनाएको देखिन्छ। चीनले आफै अत्याधुनिक हतियार निर्माण गरेर सैन्य शक्ति वृद्धि गरिरहेछ। भारतले हतियार निर्माणमा स्वाबलम्ब बन्ने नीति अगाडि सारेको छ। फ्रान्ससँग थप राफेल युद्धक विमान खरिद गर्दै छ। रुससँग संयुक्त रूपमा मिसाइललगायत हतियार निर्माण गरिरहेछ। इजरायल, फ्रान्स र जर्मनी जस्ता देशसँग संयुक्त रूपमा अत्याधुनिक हतियार निर्माणमा भारत लागेको छ। यी घटना विश्व व्यवस्थामा आएको परिवर्तनका सङ्केतहरू मिलिरहेको छ।

भारत र चीनको विश्वमै शक्तिशाली बन्ने दौडले उनीहरूका छिमेकमा विभिन्न शैलीमा राजनीतिक तरङ्गहरू आइरहेका छन्। पूर्व र पश्चिमबीचको शक्तिशाली बन्ने प्रतिस्पर्धामा त्यस्ता तरङ्गहरू आउनु स्वाभाविक पनि हो। बलिया देशहरू आफै सिधा जुध्दैनन्। उनीहरू छेउछाउका देशहरूबाट आफ्नो दाउपेच चलाइरहेका हुन्छन्। सामरिक महत्वका देशहरूमा उपस्थिति बढाउने र एकले अर्को देशमाथि दबाब बनाउने रणनीति चलिरहन्छ। भारत र चीनमाथि दबाब बढाउन कतिपय पश्चिमा देशहरूले नेपाल, बङ्गलादेश, श्रीलंका, मालदिभ्स जस्ता देशहरूमा चासो बढाइरहेको तथ्य लुकेको छैन। भारतलाई दबाबमा राख्न पाकिस्तानमा विभिन्न नाममा पश्चिमाहरूले लगानी गरेको समाचार बेला बेलामा छताछुल्ल भइरहने गरेको छ।

आंतकवादविरुद्धको लडाइँ भन्दै अमेरिकाले पाकिस्तानलाई अरबौँ डलर विनास्वार्थ त्यसै दिएको थिएन। ट्रम्पले पाकिस्तानी सेनापति मुनिरलाई व्हाइट हाउसमा लन्च बैठक नै गरेका थिए। बंगलादेशमा अमेरिकाले ठूलो धनराशी खन्याएको राष्ट्रपति ट्रम्पले खुलाइसके। त्यहाँको सत्तापलटमा त्यो धनराशीले निकै ठूलो भूमिका खेल्यो। भारतको छिमेकमा बढ्दो राजनीतिक अस्थिरता र बाह्य चासो उसका लागि उत्तिकै चुनौती बनेको छ। ताइवानमा पश्चिमा लगानी चीनका लागि ठूलो चुनौती छ। जापानसँग अमेरिकी निकटता होस् या साउथ चाइना सीमा रहेको विवादका नाममा भएका सैन्य विस्तार, बाह्य भूमिका, द्वन्द्वको असर सिधा चीनमाथि नै बढी छ। यो विवादसँग सम्बन्धित देशहरू भियतनाम, फिलिपिन्सलगायत उत्तिकै प्रभावित छन्।

बलिया देशहरूको द्वन्द्वका असर विभिन्न रूप बनेर वरपरका देशहरूमा देखिन्छन्। ती रूपहरूमा बाह्य चलखेल, छिमेकबीच युद्ध, आन्तरिक अस्थिरता देखि गृहयुद्धसम्मका घटनाहरू हुन सक्छन्। त्यस्ता चुनौती भविष्यमा चीन र भारतका छिमेकी देशहरूमा रहन सक्छन्। भारत र चीन जस्तो तीव्र आर्थिक वृद्धि र सैन्य शक्ति बनाइरहेका देशहरूको बीचमा छ नेपाल। एकातर्फ भारत र चीन नै प्रतिस्पर्धामा छन्। अर्कोतर्फ, तीव्र गतिमा पश्चिमबाट पूर्वतर्फ स्थानान्तरण भइरहेको शक्तिका कारण भारत र चीन नै चुनौतीको सामना गरिरहेछन्। यसको असर नेपालमा पनि परिरहेको छ। नेपालमा हुने गरेका ठुलो राजनीतिक घटनालाई नेपालको आन्तरिक मामिला मात्र हो भन्नु आलोकाँचो बुझाइ भन्नुपर्छ।

यहाँ धेरै शक्ति खुल्ला तथा छद्म प्रतिस्पर्धामा सक्रिय छन्। नयाँ विश्व व्यवस्था र विश्वमा देखिएको शक्ति स्थानान्तरणको असर नेपालसम्म परेको छ। भविष्यमा यसले नयाँ नयाँ चुनौती थप्दै जाने नै छ। यसका लागि पूर्वतयारी अनिवार्य छ। जसमा राज्यका दिगो र महत्वपूर्ण संस्थाहरू चनाखो रहनुपर्छ। नेपाललाई केन्द्रमा राखेर देश हितका लागि कदम चाल्ने हो भने तीव्र विकास गरिरहेका भारत र चीनलाई समेत विश्वासमा लिएर बढ्नुपर्छ। यसैमा नेपाल र नेपालीको हित छ।दृष्टीन्यूजबाट

## *गागन खोलामा ...*

उनले समयसँगै दौडँदा बाटो नै अवरोध बनेपछि जीवनको मूल्य अझ गहिरो गरी महसुस गरेको बताउँलै उनले भने, 'नेताहरुले पटक–पटक पुलको नाममा मत मागेर जान्छन्। तर, पुल कहिले बनाइदिएनन्।'

**पीडामा विद्यार्थी–किसान**

पुल नहुँदाको पीडा बालबालिकाले बढी भोग्ने गरेका छन्। चार महिनाजति विद्यालय पुगिन्छ कि पुगिदैन भन्ने चिन्ताले सताउने गरेको बताउँछिन्, विद्यार्थी प्रतीक्षा यादव। 'बाढी आएको बेला विद्यालय जान सकिँदैन। परीक्षा छुट्छ। कहिलेकाहीँ खोलाको पानी घट्ने पर्खेर ढिलो पुग्छु', यादव भन्छिन्, 'चार महिना हाम्रो भविष्य अनिश्चित छ। आज विद्यालय पुगिन्छ कि पुगिँदैन ? परीक्षा दिन पाइन्छ कि छुट्छ ? थाहा हुँदैन।'

खोलावारिपारिका करिब दशभन्दा बढी गाउँका किसानहरूको उत्पादन वर्षात् लागेपछि बजारसम्म सहजै पुग्दैन। ढुवानी खर्च बढ्छ। तरकारी समयमै नपुग्दा सड्छ। स्थानीय तेतरी महतो भन्छिन्,'हरेक चुनावमा नेताहरूले पुल बनाइदिन्छु भन्छन्। जितेपछि फर्केर हेर्दैनन्। हामीलाई जोड्ने एउटा पुल पनि बनेन।' तेतरीको स्वरमा आक्रोश छ। तर, यो आक्रोश वर्षौंदेखि थामिएकै छ।

सिरहा–२ मा २१ फागुनमा हुने हुने निर्वाचनका लागि २९ जना उम्मेदवार मैदानमा छन्। घरदैलो अभियान, सभा, वाचा र घोषणापत्रहरू सार्वजनिक गरिरहेका छन्। तर, गागन खोला केवल भौतिक अवरोध होइन, राजनीतिक प्रतिबद्धताको मापन गर्ने मानक बनेको छ। हरेक पाँच वर्ष चुनाव आउँछ। यहाँ हरेक वर्ष बाढी आउँछ। यसपटक भने पाँच वर्ष नपुग्दै चुनाव आएको छ। तर, अत्यावश्यक रहेको पुल कहिल्यै नआउने भन्दै स्थानीय आक्रोश व्यक्त गर्छन्।

स्थानीयहरू भन्छन्, 'विकासका ठूला नाराभन्दा हामीलाई चाहिएको एउटा साधारण संरचना, पुल हो। यस्तो पुल जसले पाँच मिनेटको दूरीलाई फेरि पाँच मिनेटमै सीमित गरोस्। यस्तो पुल जसले विद्यार्थीको भविष्य, बिरामीको जीवन र किसानको पसिनालाई जोखिमबाट मुक्त गरोस्।'

## मिर्चैयामा ...

मिर्चैयाबाटै गत मंगलबार फेरि अर्को मोटरसाइकल चोरी भयो। थाना चोकस्थित बजार जाने सडक छेउमा राखिएको मप्र ०१-००५-५८४८ नम्बरको १ सय ५० सीसीको पल्सर मोटरसाइकल साँझ ९ बजेतिर चोरी भएको हो।

मोटरसाइकल धनी अरुण महासेठले प्रहरीमा उजुरी दिएका छन् भने प्रहरीले खोजीकार्य गरिरहेको छ। तर, यो मोटरसाइकल पनि भेटिएको छैन। यसरी मिर्चैयाबाट मोटरसाइकल चोरीका यी घटना त उदाहरण मात्रै हुन्। मिर्चैया बजार र आसपासका क्षेत्रका सर्वसाधारण पछिल्लो समय मोटरसाइकल चोरीका घटनाले आतंकित बनेका छन्। विगत दुई महिनामा मात्रै यहाँका विभिन्न व्यक्तिका घर तथा सार्वजनिक स्थानबाट झन्डै दुई दर्जन मोटरसाइकल चोरी भएका छन्। जसमध्ये यस अवधिमा इलाका प्रहरी कार्यालय, मिर्चैयामा १६ वटा उजुरी परेको छ। मंसिर महिनामा एउटा, पुषमा ५ वटा र माघ महिनामा १० वटा गरी १६ वटा मोटरसाइकल चोरीको उजुरी परेको जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रवक्ता एवं डीएसपी रमेशबहादुर पालले जनाए। यसमध्ये केही मोटरसाइकल भेटिएको भए पनि अधिकांशको अवस्था अझै अज्ञात छ।

अहिलेसम्म भेटिएका मोटरसाइकलहरूमध्ये केही बेवारिसे तथा केही ट्राफिक चेकिङ पोइन्टबाट भेटिएको प्रहरीले जनाएको छ। 'जाँचका क्रममा कागजात नभएपछि प्रहरीले मोटरसाइकल नियन्त्रणमा लिने गर्छ,' डीएसपी पालले भने, 'तर, नियन्त्रणमा लिइएका कतिपय मोटरसाइकल कागजातसहित फेरि कसैले लिन आउँदैन, त्यसपछि अनुसन्धान गर्दा ती मोटरसाइकल चोरीका हुन् भन्ने खुल्छ।' अहिलेसम्म पनि नभेटिएका मोटरसाइकलहरूको खोजी र यसमा संलग्न गिरोहको पहिचान गर्न सूक्ष्म अनुसन्धान भइरहेको डीएसपी पालले बताए। यस कार्यमा खासगरी लागूऔषधको दुर्व्यसनमा परेका युवाहरू संलग्न रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ। उनीहरूले मोटरसाइकल चोरी गर्ने, ती मोटरसाइकल सस्तोमा बेच्ने र त्यस रकमबाट लागूऔषध किनेर प्रयोग गर्ने गरेको तथ्य प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। यद्यपि, उनीहरूलाई यस्तो कार्य गर्न उक्साउने ठूलो गिरोह हुनसक्ने प्रहरीको अनुमान छ।

'मोटरसाइकल सस्तोमा किन्ने र बेच्ने गिरोह लागूऔषधको लतमा परेका युवाहरूलाई प्रयोग गरिरहेको हुनसक्छ,' डीएसपी पालले भने, 'यस विषयमा हामीले गम्भीर ढंगले अनुसन्धान गरिरहेका छौं।'

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# महाशिवरात्रि पर्व तयारी अन्तिम चरणमा : ८ लाख दर्शानार्थी र ४ हजार साधुसन्त मेला भर्न आउने

**रुबी रौनियार**

काठमाडौँ, २९ माघ। फागुन ३ गते मनाइने हिन्दुहरूको महान् पर्व महाशिवरात्रि मेलाको तयारी अन्तिम चरण पुगेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। कोषका कार्यकारी निर्देशक सुवासचन्द्र जोशीले बिहीबार पत्रकार सम्मेलन गरी महाशिवरात्रि पर्वको तयारी अन्तिम चरणमा पुगेको जानकारी गराएका हुन्। मेला व्यवस्थापनका लागि विभिन्न ९ उपसमितिहरू गठन गरी भक्तजनहरूलाई अराध्यदेव पशुपतिनाथको दर्शन सहज बनाउन व्यवास्था गरिएको छ।

८ लाख भक्तजन र ४ हजार साधुसन्त आउने अनुमान गर्दै कोषले विगतको भन्दा फरक तरिकाले भगवान् पशुपतिनाथको दर्शन सहजा र व्यवस्थित बनाउन ५ स्थानमा अस्थायी अकाशे पुलको व्यवस्था गरेको छ। शिवरात्रिमा नेपाल आउने साधुसन्तले गाँजा, भाङ र मदिरा जस्ता लागू पदार्थ युवाहरूलाई बिक्रीवितरण गर्दै आएको विगतका अनुभवलाई अंगाल्दै यसपटक यस्ता लागू पदार्थ सेवन र बिक्रीवितरणलाई कडा रूपमा रोक लगाउने उनले बताए। 'पशुपति क्षेत्र माँस, मदिरा निषेधित क्षेत्र भएकोले माँस मदिर तथा गाँजा भाङ जस्ता लागू पदार्थ नियन्त्रणमा जोड दिएको छ,' कार्यकारी निर्देशक जोशीले भने, 'नियन्त्रणका लागि स्थलगत रूपमै नियन्त्रणको कार्य नियमित गरी प्रभावकारी रूपमा नियन्त्रण गर्ने व्यवस्था प्रहरीको सहकार्यमा गरिएको छ।' कोषले मेला व्यवस्थापनका लागि यस पटक १ करोड २० लाख बजेट छुट्याएको उनले बताए। साधुसन्तको व्यवस्थापन र दक्षिणाका लागि भने २० लाख रुपैयाँ कोषले छुट्याएको उनले भने।

कोषले दर्शन सम्बन्धी व्यवस्था सहज बनाउन बत्तिसपुतली, मैतीदेवी, पुरानो बानेश्वर तर्फबाट आउने दर्शनार्थीहरूका लागि गौशाला-पिंगलास्थान गेट हुँदै वनकाली धर्मशालालाई बायाँ पारेर चारशिवालय-पञ्चदेवल हुँदै दक्षिण ढोकाबाट प्रवेश गरी चौसठी शिवलिङ्ग मार्ग हुँदै मन्दिर प्रागणमा प्रवेश गर्ने र भूलभट्ट निवास पूर्व बाहिरी दक्षिण ढोकाबाट हुँदै फर्कने व्यवस्था गरिएको छ। भक्तपुर, ललितपुर, कोटेश्वर, तिनकुने, एअरपोर्ट, तिलगंगा क्षेत्रबाट आउने दर्शानार्थीहरूका लागि तिलगंगा पर्यटक काउन्टरबाट प्रवेशको व्यवस्था गरिएको छ। काउन्टरबाट प्रवेश गरी राममन्दिर, आर्यघाट हुँदै मन्दिरको पूर्वी ढोकाबाट प्रवेश गराइ दर्शनको व्यवस्था गरिएको छ।

जोरपाटी, कपन, महाँकाल, चावहिल तर्फबाट आउने दर्शानार्थीका लागि मित्र पार्क, गौरीघाट, उमाकुण्ड, दक्षिणामूर्ति, रुद्रगाडेश्वर, बासुकी हुँदै उत्तर ढोकाबाट मन्दिर प्रागणमा प्रवेश गर्ने र पश्चिम मूल ढोकाबाट फर्कने व्यवस्था कोषले गरेको छ। यसैगरी रातोपुल, कालोपुल, सिफलबाट आउने दर्शानार्थीको लागि जयबागेश्वरी मन्दिर अगाडिको मछिन्द्र गणेश, दथुटोल, पाचाटोल, अन्नपूर्णा भण्डार हुँदै भूवनेश्वरीको सानो ढोकाबाट प्रवेश गर्ने व्यवस्था मिलाइएको छ। 'दर्शानार्थीहरूको दर्शन छिटो गराउन यस पटक विहान २ बजेदेखि नै पशुपतिनाथको मन्दिरका चारवटै ढोका खोल्ने व्यवस्था मिलाइएको छ,' कार्यकारी निर्देशक जोशीले व्यवस्थाबारे स्पष्ट पारे, 'पर्यटक प्रवेश शुल्क तिरी टिकट लिएका तेस्रो मुलकका पर्यटकलाई मेला क्षेत्रमा मन्दिर प्रागण बाहेक अवलोकन र भ्रमण गर्न दिनै व्यवस्था मिलाइएको छ।'

सुरक्षा निगरानी चुस्त बनाउन ५० भन्दा बढी सिसिटिभी क्यामेराको थप व्यवस्था गरिएको छ।

## मिथिला लघुवित्त वित्तीय संस्था

Mithila Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था मधेश प्रदेश कार्य क्षेत्र भएको)

**केन्द्रीय कार्यालय, ढल्केबर, धनुषा**

### धितोमा रहेको चल अचल सम्पति लिलाम डाक बढाबढद्वारा लिलाम बिक्री गर्ने बारेको दोश्रो पटकको सार्वजनिक सुचना

**पुनःसुचना प्रकाशित मितिः २०८२/११/०१**

यस बित्तीय संस्थाको शाखा कार्यालय पडरीया सिराहाबाट मिति २०७३।०९।२९ गतेका दिन लिएको लघुउद्यम कर्जाको रु ३,००,०००। (तीन लाख) मात्रको भुक्तानी अबधि समाप्त भएको र यस कार्यालयले अन्तिम पटक मिति २०८१।०७।०१ गतेको राष्ट्रिय दैनिक पत्रिका मार्गानुगामीमा धितो लिलामीका लागी ३५ दिने सुचना समेत प्रकाशित गरेको र सो समयमा तपाईले रु १,००,०००। (आंशिक ब्याज) मात्र बुझाई ६ महिना भित्र कर्जा चुक्ता गर्ने भनी समय माग गर्नु भएकोमा हालसम्म पनि कर्जाको सावा' तथा ब्याज चुक्ता नगरेको र लिखित तथा मौखिक तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकोले यो सुचना पुनः प्रकाशित गरिएको छ। तसर्थ यो सुचना प्रकाशित भएको मिति ले ३५ दिनभित्र यस बित्तीय संस्थामा आई कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र साँवा समेत चुक्ता गरी धितो सम्पति फुकुवा गराई लिनुहुन सम्बन्धित ऋणी तथा धितो जमानी दिनुहुने महानुभावहरु लाई समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ। यो सुचना बमोजिम ३५ दिन भित्रमा कर्जा चुक्ता नभएमा यस बित्तीय संस्थामा धितोमा रहेको अचल सम्पति यो सुचना दोश्रो पटक प्रकाशित भएको मितिले ३५ दिन पछि अर्थात २०८२।१२।०६ मा मिथिला लघुबित्त बित्तीय संस्था लि. शाखा कार्यालय पडरीयाको कार्यालय परिसरमा लिलाम बिक्री गरिने हुदा' उक्त दिन डाक बढाबढ गरी लिलाम साकार गर्न इच्छुक महानुभावहरुले, सम्बन्धित शाखामा तोकिएको दिन र समयमा उपस्थितिको लागी यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

डाक बढाबढमा बोलिएको मुल्यमा धितो सम्पतिको हक हस्तातरण हुन सक्ने हुदा' धितो रहेको अचल सम्पति लिलाम बिक्री गर्दा वा बित्तीय संस्था आफैले सकार गर्दा समेत साबिक मुल्य दर भन्दा कम मुल्यमा बिक्री भयो वा बित्तीय संस्था आफैले सकार गरि लियो भनी कहिकतै उजुर लाग्न नसक्ने ब्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानत दिनेलाई यसै सूचनाबाट जानकारीको लागी अनुरोध गर्दछौ।

**तपशील**

**कर्जा लगानी गर्ने कार्यालय :-** शाखा कार्यालय पडरिया, सिराहा।

**धितो लिलाम हुने स्थान :-** शाखा कार्यालय पडरिया, लहान, सिराहा।

**धितो लिलाम हुने मिति :-** मिति २०८२ चैत्र ०६ गते शुक्रवार दिनको ११:०० बजे

**ग्राहकको बिवरण :-**

१. ग्राहकको नाम :- रेणु मण्डल,
ना.प्र.प. नं १५३००५/९० , जारी मिति २०६३/१२/२८ गते, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा।
ग्राहकको ठेगाना :- जिल्ला सिराहा, लहान नगरपालिका वडा न. १०। पिताको नाम : सुखी मण्डल
पतिको नाम :-दयानाथ मण्डल ससुराको नाम :- सुकदेव मण्डल

**लिलाम हुने अचल सम्पतिको बिवरण**

| जग्गाधनीका नाम | सदस्यसंगको नाता | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. साविक | वडा नं. हाल | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| रेणु मण्डल | आफै | सिराहा | लहान गोठ | ०६ | १० | ३८३ | ०-२-१२.५० | |

**लिलमाका शर्तहरु**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढि रकम कबोल गर्ने ब्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकमको नगदै धरौटी वापत तुरन्त बित्तीय संस्थामा बुझाउनु पर्नेछ।
२. डाक बढाबढ गर्दा सबैभन्दा बढि रकम कबोल गर्ने ब्यक्तिलाई अचल सम्पति दिने वा नदिने सम्पुर्ण अधिकार बित्तीय संस्थामा सुरक्षित रहने छ।
३. लिलाम सकार गर्ने ब्यक्तिले बित्तीय संस्थाबाट लिलाम सकार गरेको १५ दिन भित्र बाकी रकम बुझाई सकार धितो जग्गा नामसारी पास गराई लिनु पर्नेछ। यदि १५ दिन भित्र बाकी रकम यस बित्तीय संस्थामा जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको १० प्रतिशत रकम स्वत : जफत हुनेछ।
४. तोकिएको लिलामको दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै पछि कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ।
५. लिलाम प्रक्रिया उक्त दिन सम्पन्न हुन नसकेमा सोको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामको कार्य हुनेछ।
६. लिलाम बिक्री हुने अचल सम्पति सम्बन्धित कागजात तथा अन्य आवयक कुराहरु बुझ्न चाहनु हुने महानुभावहरुले सम्बन्धित बित्तीय संस्था शाखा कार्यालय पडरीयामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
७. लिलामको डाक बढाबढ हुनु अगाबै ग्राहकले नियम बमोजिम बित्तीय संस्थालाई भुक्तानी गर्नुपर्ने रकम बुझाएमा वा अदालतबाट वा अधिकार प्राप्त निकायबाट लिलाम रोक्का गर्ने आदेश प्राप्त भएमा लिलामी कार्यवाही रोक्न सकिनेछ।
८. धितो लिलाम डाक बढाबढमा कम्तीमा ३ जना ब्यक्ति वा संस्थाले भाग लिएको हुनु पर्नेछ।
९ लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाकी कर, राजस्व, मालपोत रजिष्ट्रेशन,दस्तुर लगायत सम्पूर्ण राजस्व, कर दस्तुर एवम अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।

**मिथिला मिथिला लघुबित्त बित्तीय संस्था लि.**
**केन्द्रीय कार्यालय ढल्केवर धनुषा।**
**असुली बिभाग।**

# निर्वाचन आचारसंहिता उल्लंघनको आशंका : मतदाता प्रभावित पार्ने वडा स्तरीय फुटबल प्रतियोगिता



**राहुल राय**

सिरहा, २९ माघ। सिरहाको गोलाजार नगरपालिका वडा नं–३ मा निर्वाचन आचारसंहिता उल्लंघन गर्दै मतदातालाइ प्रभावित पार्न वडा स्तरिय फुटबल प्रतियोगिता गरिरहेको पाइएको छ। फागुन–२१ प्रतिनिधिसभाको राजनीतिक माहोल तातेका बेला वडा अध्यक्षले आफ्नो उम्मेदवारलाई समर्थन गर्नका लागि प्रतियोगितामार्फत मतदातालाई प्रभावित पार्ने प्रयास गरिएको आरोप छ। स्थानीयवासीहरूका अनुसार प्रतियोगिताको नाममा राजनीतिक प्रभाव विस्तार गर्ने उद्देश्य राखिएको छ। सोही वडाका एक स्थानीयले भने, नेकपा पार्टीबाट सिरहा क्षेत्र नं–३ का उम्मेदवार विश्वनाथ साहले एक लाख रुपैयाँ सहयोग गरेको आरोप लगाएका छन्। उनका अनुसार सो सहयोग मतदातालाई आकर्षित गर्ने रणनीतिअन्तर्गत प्रदान गरिएको हो।

यता वडा अध्यक्ष धनप्रसाद लामाले भने आफूलाई प्रमुख अतिथिका रूपमा बोलाइएकाले कार्यक्रममा उपस्थित भएको स्पष्ट पारे। उनले भने, सहयोगका लागि निवेदन वडामा आएको छ। तर हाल लागू रहेको निर्वाचन आचारसंहिता विपरीत कुनै किसिमको आर्थिक सहयोग दिन मिल्दैन। अहिले दिने–नदिने विषयमा कुनै निर्णय गरिएको छैन। अध्यक्ष लामा २०७४ र २०७९ को स्थानित तहको निर्वाचनमा तत्कालिन नेकपा माओबादी पार्टीबाट निर्वाचित भएका हुन।

प्रतियोगिताका अध्यक्ष प्रमोद लामाले भने कार्यक्रम वडा कार्यालयकै आयोजनामा भइरहेको बताएका छन्। वडाले एक लाख रुपैयाँ दिने भनेपछि हामीले आफ्नै खर्चमा प्रतियोगिता सञ्चालन अहिले गरिरहेको बताए। निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा सार्वजनिक पदाधिकारी वा उम्मेदवारबाट प्रत्यक्ष वा अप्रत्यक्ष आर्थिक सहयोग हुनु गम्भीर विषय मानिन्छ। यस घटनाले निर्वाचन आचारसंहिताको पालना र पारदर्शितामाथि प्रश्न उठाएको छयस विषयमा सम्बन्धित निकायले आवश्यक छानबिन गरी स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने स्थानीयहरूको माग छ।

# इन्टरपोलको समन्वयमा १० जनालाई विदेशबाट ल्याइयो




काठमाडौं, २९ माघ। स्वदेशमा अपराध गरी विदेश भागेका १० जनालाई नेपाल प्रहरीले अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) सँगको समन्वयमा नेपाल फिर्ता ल्याएको छ। चालू आर्थिक वर्षमा ११ जनाविरूद्ध 'रेड नोटिस' र तीन जनाविरूद्ध 'डिफ्युजन' जारी भएकोमा रेड नोटिस जारी भएका ८ र डिफ्युजन जारी भएका २ जनालाई इन्टरपोलको समन्वयमा विभिन्न देशबाट पक्राउ गरी स्वदेश ल्याइएको नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अबि नारायण काफ्लेले बताउनुभयो।

अघिल्लो आर्थिक वर्षमा ३४ जनाविरूद्ध रेड नोटिस र दुई जनाविरूद्ध डिफ्युजन जारी भएकोमा १७ जना रेड नोटिस जारी भएका र तीन जना डिफ्युजन जारी भएका प्रतिवादीलाई पक्राउ गरी नेपाल फिर्ता ल्याइएको थियो। इन्टरपोलसँगको समन्वयमा फरार प्रतिवादीहरूलाई पक्राउ गर्न एवम् अन्तर्राष्ट्रियस्तरमा फरार प्रतिवादीहरूलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सदैव क्रियाशील रहेको बताउँदै उहाँले अपराध गरेर संसारको जुनसुकै कुनामा लुके पनि उनीहरूलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरी प्रतिबद्ध रहेको बताउनुभयो।

देशमा शान्ति सुव्यवस्था कायम गर्न, निर्वाध ढङ्गले आसन्न निर्वाचन सम्पन्न गर्न तथा अपराध अनुसन्धान एवम् नियन्त्रणमा नेपाल प्रहरी अझ सक्रिय भई विभिन्न सुरक्षा रणनीति अवलम्बन गरी कार्यक्षेत्रमा जुटेको प्रवक्ता काफ्लेले बताउनुभयो। फरार प्रतिवादीहरूको अन्तर्राष्ट्रियस्तरमा खोजतलासको लागि नेपाल प्रहरीअन्तर्गतको नेशनल सेन्ट्रल ब्युरो (एनसीबी) को अनुरोधमा इन्टरपोल महासचिवालयले नोटिस जारी गर्दै आएको छ।

# आयल निगमका प्रादेशिक कार्यालय प्रमुखलाई भ्रष्टाचार मुद्दामा पाँच महिना कैद

काठमाडौं, २९ माघ। नेपाल आयल निगमको गण्डकी प्रादेशिक कार्यालय पोखराका तत्कालीन प्रमुख चित्तरञ्जन दास भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। सिसिक्यामेरा नै बन्द गरेर डिपोबाट तीन हजारभन्दा लिटर बढी डिजेल अवैधानिक रूपमा ढुवानी गरेको सम्बन्धि भ्रष्टाचार मुद्दामा बिशेष अदालतले बिहीबार फैसला सुनाउँदै उनलाई कैद र जरिवाना सुनाएको हो। बिशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्य विदुर कोइरालाको संयुक्त इजलासले उनलाई पाँच महिना कैद र ५६ हजार ६५ रुपैयाँ जरिवानाको सजाय सुनाएको हो। त्यस्तै, इन्धन ट्याङकरका चालक निर्मल तथा पश्चिमाञ्चल ट्रेडर्सका सञ्चालक बाबुराम जमकट्टेललाई पनि सोही बराबरको सजाय भएको छ।




बढी ढुवानी गरेको डिजेलको मूल्यबराबरको चार लाख ४८ हजार बिगो रकमलाई बिगो कायम गरी गत २५ जेठमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको थियो। जसमा तीन व्यक्ति र एक कम्पनीलाई दोषी ठहर गरी दामासाहीका हिसाबले जरिवाना तोकिएको छ। यो भ्रष्टाचार घटना साढे दुई वर्षअगाडिको हो। कार्यालयले पश्चिमाञ्चल ट्रेडर्सले गरेको १२ हजार लिटर पेट्रोलियम पदार्थको अर्डर स्वीकृत गरेको गरी डिजेल वितरण गर्दा घोटाला गरेको हो। यसमा २५ साउन ०८० को इन्भोइस नम्बरअनुसार डिजेल पश्चिमाञ्चल ट्रेडर्सको 'ग.२ ख ८३६' नम्बरको ट्यांकरमा १२ हजार लिटर डिजेल लोड गर्नुपर्ने थियो। तर, मिलेमतोमा १५ हजार ३८ लिटर लोड गरेर अनियमितता गरिएको थियो।

डिप र सिल गर्ने जिम्मेवारीमा रहेका गण्डकी धौलागिरि पेट्रोलियम डिलर्स एसोसिएसनका प्रतिनिधि जगन्नाथ ढुंगाना र लक्ष्मण रानाभाटको समेत यसमा मिलेमतो रहेको भन्दै प्रतिवादी बनाइएकोमा उनीहरुले भने सफाइ पाएका छन्। डिजेल लोड गरेर सिल लगाई ट्यांकर डिपोबाहिर निस्किएको थियो। यसरी स्वीकृत अर्डरभन्दा बढी डिजेल बोकेर हिँडेको ट्यांकरलाई पोखरा महानगरपालिका– २७ डाँडाको नाकामा प्रहरीले नियन्त्रणमा लिएको थियो। ट्यांकर चेकजाँच गर्दा १५ हजार ३८ लिटर डिजेल रहेको पुष्टि भयो। बिलमा उल्लेख भएभन्दा बढी तीन हजार ३८ लिटर डिजल देखिएपछि छानिबन सुरु भएको थियो। उक्त दिनको प्रतिलिटर डिजेलको मूल्य १४७.६३ थियो। यसअनुसार बढी लोड भएको परिमाणबराबरको डिजेलको मूल्य चार लाख ४८ हजार ५२५ रुपैयाँ हुन आउँछ। प्रहरीले त्यसबेला ठगी मुद्दामा अनुसन्धान गरी मुद्दा चलाएकोमा सरकारी कर्मचारीमाथि अनुसन्धान गर्न अख्तियारलाई समेत लेखि पठाएको थियो। सोही आधारमा मुद्दा दायर भएकोमा बिशेषले दोषी ठहर गरेको हो।

# निःशुल्क कानुनी सहायता कार्यक्रमबाट लाभान्वित हुने बढ्दै

धनुषा, २९ माघ। मधेस प्रदेश सरकारले सञ्चालन गरिरहेको निःशुल्क कानुनी सहायता कार्यक्रम प्रभावकारी बन्दै गएको छ। मुख्य न्यायाधिवक्ता डा. सुनिलरञ्जन सिंहले प्रदेशमा निःशुल्क कानुनी सहायताका कारण गरिब तथा सीमान्तकृत वर्गका नागरिकलाई न्याय प्राप्तिमा सहज भएको बताए। आर्थिक अभावका कारण न्याय पाउनबाट बञ्चित हुनसक्ने अवस्था न्यूनीकरणका लागि दलित, विपन्न, अपाङ्गता तथा पछाडि परेका वर्गका नागरिकलाई लक्षित गरी मुख्य न्यायाधिवक्ता कार्यालयमार्फत कार्यक्रम सञ्चालन भइरहेको छ। मुख्य न्यायाधिवक्ता डा. सिंहले भने, "नेपालको संविधानले हरेक नागरिकलाई सहज रूपमा न्याय पाउने हक सुनिश्चित गरेको छ। त्यसलाई कार्यान्वनका लागि प्रदेश सरकारले निःशुल्क कानुनी सहायता कार्यक्रम सञ्चालन भइरहेको छ। यसले प्रदेशमा सुशासन र न्यायिक प्रणालीलाई थप सुदृढ बनाउन सहयोग पुगेको छ।" यहाँ प्रदेशका आठ वटै जिल्लामा कानुनी सहायता अधिकृतको व्यवस्था गरी सेवा प्रवाह भइरहेको र यसले लक्षित वर्गका नागरिकको अदालतसम्म सहज पहुँचमा योगदान गरिरहेको उनको भनाइ छ। आर्थिक वर्ष २०७५/७६ देखि प्रदेशमा यो कार्यक्रम सुरु गरिएको हो। लक्षित वर्गका सेवाग्राहीले जिल्ला, उच्च, सर्वोच्च तथा प्रशासकीय अदालतसम्म निःशुल्क कानुनी सहयोग पाउँदै आएका छन्। कार्यालयका अनुसार पहिलो वर्षमा एक सय आठ जनाले सेवा लिएकामा २०७६/७७ मा एक सय १०, २०७७/७८ मा एक सय ४४, २०७८/७९ मा दुई ३८ र २०८१/८२ मा तीन सय ६८ जनाले निःशुल्क कानुनी सहायता लिएका छन्।

## महत्वपूर्ण कागजपत्र हराएको सूचना

मिति २०८२ माघ ०६ गते घरबाट लहान बजार आउने क्रममा राहदानी, नागरिकता, माईग्रेसन, प्रोभिजनल, मार्कसिटलगायतका डकुमेन्टहरु हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिककैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरि सहयोग गरिदिनु हुन अनुरोध छ।

**नाम : अमर कान्त चौधरी**
**ठेगाना : लहान नगरपालिका–२० (सिरहा)**
**सिम्बल नम्बर : ९२७४७०४५**
**एनईबी रजिस्ट्रेस्न नम्बर : ७९३२७१२७०११६**
**सम्पर्क : ९८४२८४८०३२**

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)